# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (चौबीसौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति :- २०७८।०३।३० गते

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ४:०२ बजे प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेललाई मिति २०७८/४/२८ गते सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल असार २८ गते प्रस्तुत भएको विनियोजन विधेयक २०७८ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विनियोजन विधेयक माथि विचार गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म विनियोजन विधेयक २०७८ माथि विचार गरिदियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको वहुमत भएकोले यो विनियोजन विधेयक २०७८ माथि विचार गरियोस् भन्ने प्रस्ताव वहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले मिति २०७८/३/२८ गते सभासमक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७८ माथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्ययहरु, यस छलफलमा विधेयकको गण्डकी प्रदेश सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग कार्यालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिनु चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ–आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

सर्वप्रथम म माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।
माननीय सदस्य श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।
माननीय सदस्य श्री खिमविक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु ।
माननीय सदस्य श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु ।
माननीय सदस्यहरु, कोही पनि बोल्न चाहनु नभएकोले, यो छलफल माननीय सदस्य तथा अब म माननीय मुख्य मन्त्री तथा अर्थ मन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेललाई विनियोजन विधेयक २०७८ को छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिन आवश्यक देखिएन ।

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ नियम १३३ को उपनियम ११ बमोजिम आ.व. २०७८/०७९ को व्यय अनुमानको खर्च शीर्षकहरुलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।
हुन्छ भन्ने पक्षमा माननीय सदस्यहरुको बहुमत भएकोले आ.वं २०७८/०७९ को व्यय अनुमानको खर्च शीर्षकहरु वहुमतले स्वीकृत भएको घोषणा गर्दछु । अब म विधेयकको दफा १ देखि ११ सम्म र अनुसूची १ देखि ३ सम्म विनियोजन विधेयक अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्।

हुन्छ भन्ने पक्षमा माननीय सदस्यहरुको बहुमत भएकोले दफा १ देखि ११ सम्म र अनुसूची १ देखि ३ सम्म वहुमतले विनियोजन विधेयक २०७८ को अंग बनेको घोषणा गर्दछु । अब म विधेयकको प्रस्तावना पढेर सुनाउँछु ।

प्रस्तावना : आ.व. २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यस ऐनको नाम विनियोजन ऐन २०७८ रहेको छ ।

२. यो ऐन संवत २०७८ साउन १ गते देखि प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम विनियोजन विधेयक २०७८ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम वहुमतले विनियोजन विधेयक २०७८ को अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, सर्वप्रथम अब म माननीय मुख्य मन्त्री तथा अर्थमन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेललाई विनियोजन विधेयक २०७८ लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्य मन्त्री तथा अर्थमन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले मिति २०७८ असार २८ गते सम्मानित सभा समक्ष प्रस्तुत विनियोजन विधेयक २०७८ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम १२ बमोजिम पारित गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विनियोजन विधेयक २०७८ वहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ को दफा १ देखि १३ सम्म र अनुसूची १ देखि ६ सम्म प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षमा माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको दफा १ देखि १३ सम्म र अनुसूची १ देखि ६ सम्म वहुमतले प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ को अंग बनेको घोषणा गर्दछु ।

अब म विधेयकको प्रस्तावना पढेर सुनाउछु ।
प्रस्तावना : प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजश्व संकलन, राजश्व प्रशासन सम्बन्धी कानुन व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।
संक्षिप्त नाम र प्रारम्भ :
१. यस ऐनको नाम आर्थिक ऐन २०७८ रहेको छ ।
२. यो ऐन संवत २०७८ साउन १ गते देखि प्रारम्भ हुनेछ ।
माननीय सदस्यहरु, अब म विधेयकको प्रस्तावना र नाम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको प्रस्तावनाको नाम बहुमतले प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकलाई २०७८ को अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरललाई प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ लाई पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल असार १ गते प्रस्तुत भई सभामा छलफल समेत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ वहुमतले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, यस प्रदेश सभामा रहेका सत्ता पक्ष र प्रतिपक्ष दलबिचको आपस सहमति अनुसार माननीय सदस्य श्री रामशरण बस्नेतको संयोजकत्वमा तपसिलका सदस्यहरु रहने गरी कार्यक्रम अनुगमन समिति गठन गर्न प्रस्ताव गर्दछु ।

माननीय सदस्य श्री आशा कोइरालाइ
माननीय सदस्य श्री ईन्द्रलाल सापकोटा
माननीय सदस्य श्री ओमकला गौतम
माननीय सदस्य श्री धनमाया पोखरेल लामा
माननीय सदस्य श्री पियारी थापा
माननीय सदस्य श्री रोशन गाहा थापा मगर

अब म उक्त प्रस्तावलाई समर्थन जनाइदिनु हुन अनुरोध गर्दछु ।माननीय सदस्यहरु, राष्ट्रिय जनमोर्चा प्रदेश सभा संसदिय दलको सिफारिस अनुसार सो दलको तर्फबाट सार्वजनिक लेखासमितिमा रहनुभएका माननीय सदस्य श्री खिम विक्रम शाहीलाई प्रदेश मामिला समितिको सदस्य रहने गरी जिम्मेवारी परिवर्तन गर्न प्रस्ताव गर्दछु । माननीय सदस्यहरु, यो प्रस्तावलाई समर्थन जनाइदिनु हुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, अब यो वैठक अर्को सूचना नभएसम्मको लागि स्थगित हुन्छ ।